# कृष्णप्रसाद अधिकारी हत्या प्रकरण
# तथा
# न्यायका लागि पीडितको सङ्घर्ष यात्रा

**घटना विवरण**

गोरखा जिल्ला फुजेल गाविस-७ घर भई रत्ननगर नपा-१३ जयमङ्गलामा आफ्नो हजुरबुबालाई भेट्न २०६१ जेठ २१ गते हिँडेका नन्दप्रसाद र गङ्गामाया अधिकारी दम्पतीका कान्छा छोरा १८ वर्षीय कृष्णप्रसाद अधिकारीलाई २०६१ जेठ २४ गते तत्कालीन नेकपा माओवादीका कार्यकर्ताहरूले चितवन जिल्ला रत्ननगर नपा-१ बकुलहरबाट अपहरण गरी लगेकोमा चार घण्टापछि साँझ सोही स्थानमा ल्याएर निर्मम यातना दिएपछि टाउकोमा गोली हानी हत्या गरे । अधिकारी जेठ २४ गते हजुरबुबासँगै खाना खाएर बकुलहर चौकमा आएर फोन गर्न खोज्दा दुई जना व्यक्तिले पिछा गर्दै नियन्त्रणमा लिएर मोटरसाइकलमा राखेर लगेका थिए । करिब ३ सय मिटर अगाडि दोबाटोबाट दायाँ हुँदै एक हयाचरीमा पुऱ्याई अधिकारीलाई यातना दिँदै सोधपुछ गरेका थिए । त्यसपछि कयर खोलामा पुऱ्याई पुनः अत्यन्तै यातना दिए र उनको शरीरमाथिबाट मोटरसाइकलसमेत चढाएका थिए । यातनापछि अधिकारीलाई टाउकोमा गोली हानी हत्या गरेर सडकमै छाडेर गएका थिए । अधिकारीको लास देख्ने पहिलो देख्ने व्यक्ति एक स्थानीय पत्रकार थिए, जो हाल जापानमा रहँदै आएका छन् । यस घटनाको बारेमा स्थानीय माओवादी नेता रूद्र आचार्यले स्थानीय एक पसलेलाई बताएका थिए । आचार्य अहिले आयरल्याण्डमा छन् ।

**घटनाक्रम**

- मृतकका बुबा नन्दप्रसाद अधिकारीले २०६१ जेठ २५ गते जिल्ला प्रहरी कार्यालय चितवनमा कर्तव्य ज्यानअन्तर्गत मुद्दा दायर गरेका थिए भने मृतकका दाजु नुरप्रसाद अधिकारीले २०६२ मङ्सिर २६ गते जिल्ला प्रहरी कार्यालय चितवनमा किटानी जाहेरी दिएका थिए । घटना भएको भोलिपल्ट तत्कालीन माओवादीका चितवन जिल्ला इन्चार्ज श्रीनाथ अधिकारी (श्याम)ले एक विज्ञप्ति जारी गरी अधिकारी सेनाको मान्छे भएको र माओवादीविरुद्ध सुराकी गरेको भन्दै घटनाको जिम्मेवारी लिएका थिए ।
- अधिकारीको हत्या पार्टीको योजनाअनुसार भएको तत्कालीन विद्रोही माओवादी पार्टीका चितवन जिल्ला सेक्रेटेरी यमबहादुर परियार "इन्द्रजीत"ले घटनाको जिम्मेवारी लिएको कुरा २०७० साउन ३० गते इकान्तिपुर अनलाइनमा प्रकाशन भएको थियो । त्यसैगरी तत्कालीन जिल्ला जनसरकार प्रमुख दण्डपानी पौडेलले पार्टीको निर्णयअनुसार अधिकारीको हत्या भएको बताएका थिए । शान्तिप्रक्रियामा आइसकेपछि २०५८ चैत २९ गते माओवादीका जिल्लास्तरीय नेता सुदर्शन पौडेलले जिल्ला प्रशासन कार्यालयका शाखा अधिकृत टोलप्रसाद शर्मासमेत रहेको छलफल कार्यक्रममा अधिकारी हत्या घटना पार्टीले जिम्मा लिएको बताएका थिए । रामप्रसाद अधिकारीको गिरफ्तारीपछि एकीकृत माओवादीका तर्फबाट घनश्याम पौडेल (अभिनाश) र नेकपा-माओवादीका तर्फबाट अनिल शर्मा विरहीले छुट्टाछुट्टै विज्ञप्तिमार्फत द्वन्द्वकालको मुद्दा नउठाउन चेतावनी दिएका थिए ।
- छोराको हत्यारालाई कारबाहीको माग गरी जिल्ला प्रहरी कार्यालय चितवनमा जेठ २५ गते दिएको उजुरीमा प्रहरीद्वारा छानबिन नै नगरी बेवास्ता गरेपछि मृतकका बुबा नन्दप्रसाद र गङगामाया अधिकारी दम्पती चरणबद्ध आन्दोलन गर्दै आएका छन् । अधिकारी दम्पती २०६९ माघ २२ गतेबाट सिंहदरबार, वीर अस्पताल, गोरखा जिल्ला प्रशासन, ललितपुर मानसिक अस्पताल, बालुवाटारलगायतका स्थानमा अनसन बसेका थिए ।
- तत्कालीन माओवादी कार्यकर्ताले २०६१ जेठ २४ गते कृष्णप्रसाद अधिकारीलाई गोर्खाबाट चितवन आएको बेला अपहरण गरी हत्या गरे । हत्या घटनाको आरोपितहरूमा माओवादीका नेता जानुका पौडेल, छविलाल पौडेल, परशुराम पौडेल, विष्णु तिवारी, कालिप्रसाद अधिकारी, बाबुराम अधिकारी र रामप्रसाद अधिकारी रहेको पीडित पक्षको भनाइ ।

- घटना भएको भोलिपल्ट तत्कालीन माओवादीका चितवन जिल्ला इन्चार्ज श्रीनाथ अधिकारी (श्याम)ले एक विज्ञप्ति जारी गरी अधिकारी सनाको मान्छे भएको र माओवादीविरुद्ध सुराकी गरेको भन्दै घटनाको जिम्मेवारी ।
- गोरखा फुजेलका कृष्णप्रसाद अधिकारी मारिएको घटनामा उनका बुबा नन्दप्रसाद अधिकारीबाट २०६१ जेठ २५ गते जिल्ला प्रहरी कार्यालय चितवनमा कर्तव्य ज्यानअन्तर्गत मुद्दा दायर ।
- मृतकका दाजु नुरप्रसाद अधिकारीबाट २०६२ मङ्सिर २६ गते चितवन जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी ।
- हत्या घटनासम्बन्धी उजुरीमा प्रहरीद्वारा छानविन नै नगरी बेवास्ता गरेको भन्दै स्व. कृष्णप्रसाद अधिकारीका बुबा ५६ वर्षीय नन्दप्रसाद अधिकारी, आमा ५५ वर्षीया गङ्गामाया अधिकारी र दाई नुरप्रसाद अधिकारीले २०६२ बाट आफ्नो परिवारको सदस्य कृष्णप्रसाद अधिकारीको हत्यामा सङ्लग्नलाई कारबाहीको माग गर्दै चरणबद्ध आन्दोलन ।
- अधिकारीको परिवार २०६४ पुस १ गते गाउँबाट विस्थापित ।
- राष्ट्रिय मानवअधिकार आयोगद्वारा २०६५ चैत २३ गते गोरखाका कृष्णप्रसाद अधिकारी हत्या मुद्दाको अनुसन्धान कारबाही प्रक्रिया अगाडि बढाउन, पीडित परिवारलाई क्षतिपूर्तिस्वरूप ३ लाख उपलब्ध गराउन र अधिकारी परिवारलाई पुनः स्थापित गराउन सरकारलाई पत्राचार ।
- डा. बाबुराम भट्टराई नेतृत्वको सरकारद्वारा २०६९ माघ १० गते महिनामा गोरखाका कृष्णप्रसाद अधिकारी हत्यासम्बन्धी मुद्दा फिर्ता लिने निर्णय ।
- पीडित परिवारको जाहेरीमा अनुसन्धान र कुनै पनि काम नगर्न महान्यायाधीवक्तामार्फत डा. बाबुराम भट्टराई नेतृत्वको सरकारले पत्राचार गरेपछि अधिकारी दम्पती २०६९ माघ २२ गतेबाट अनसन बस्दै आएको । (गोरखा, सिंहदरबार, वीर अस्पताल, मानसिक अस्पताल, बालुवाटार)
- भाइ कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्नलाई कारबाहीको लागि माग राखी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मीलाई भेट्न बालुवाटार पुगेका नुरप्रसादलाई महानगरीय प्रहरी प्रभाग कमलपोखरीले २०७० जेठ २९ गते गिरफ्तार गरी सोही दिन हनुमानढोका हिरासतमा पुऱ्यायो ।
- वीर अस्पताल अगाडि अनसनमा बसेका अधिकारी दम्पतीलाई २०७० जेठ ३० गते प्रहरीले जबरजस्ती पाटनस्थित मानसिक अस्पताल पुऱ्यायो ।
- मानसिक अस्पताल पुऱ्याइएका अधिकारी दम्पतीको विषयमा राष्ट्रिय मानव अधिकार आयोगद्वारा २०७० असार ५ गते चासो व्यक्त । मानसिक अस्पतालका प्रमुख सुरेन्द्र शेरचनलाई बोलाई अधिकारी दम्पतीलाई मानवीय व्यवहार गर्न आयोगको निर्देशन ।
- अधिकारी दम्पती मानसिक रोगी नभएको मानसिक अस्पतालका निर्देशक सुरेन्द्र शेरचनद्वारा २०७० असार ३१ गते सार्वजनिक रूपमा बताउँदै, अधिकारी दम्पती मानसिक रोगी नभएको पुष्टि ।
- अधिकारी दम्पतीलाई मानसिक अस्पतालबाट २०७० साउन ७ गते प्रहरीद्वारा मानसिक अस्पतालबाट बबरमहलमा लगी अलपत्र रूपमा छाडियो ।
- अधिकारी दम्पती २०७० साउन ७ गतेबाट बालुवाटारस्थित प्रधानमन्त्री निवासको गेट नं ३ अगाडि पुनः अनसन बसे ।
- अनसनमा बसेका अधिकारी दम्पतीको अवस्था गम्भीर भएपछि २०७० साउन १६ गते महानगरीय प्रहरी प्रभाग कमलपोखरीले बार्ताका लागि भन्दै गाडी चढाई जबरजस्ती वीर अस्पताल पुऱ्याई भर्ना गरेको ।
- इन्सेकका अध्यक्षद्वारा कृष्णप्रसाद अधिकारी हत्याका सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले गरेको सिफारिश र अनुसन्धानको प्रति पाऊँ भनी २०७० साउन २८ गते मानव अधिकार आयोगमा पत्राचार ।
- मन्त्रिपरिषद्का अध्यक्ष खिलाराज रेग्मीले २०७० साउन २८ घटनाको अनुसन्धान प्रक्रिया अघि बढाउन र त्यसको जानकारी राष्ट्रिय मानव अधिकार आयोगलाई पत्राचार गर्न गृहमन्त्रीलाई निर्देशन ।
- एकीकृत नेकपा माओवादीद्वारा २०७० साउन २९ गते पार्टी मुख्यालय पेरिसडाँडामा पत्रकार सम्मेलन गरी अधिकारी हत्या

घटना सम्बन्धमा पार्टीको आधिकारीक धारणा सार्वजनिक तथा विज्ञप्ति जारी गर्दै द्वन्द्वका घटनाहरूको न्यायका लागि निर्देशन दिने अधिकार नरहेको जिकिर ।

- कृष्णप्रसाद अधिकारी हत्या घटनाको अनुसन्धानका लागि चितवन जिल्ला प्रहरी कार्यालयका एसपी प्रद्युम्न कार्कीद्वारा जिल्ला न्यायाधिवक्ताको कार्यालयसमक्ष २०७० साउन ३० गते कानुनी राय लागि पत्राचार ।
- सञ्चारमन्त्री माधव पौडेलले कृष्णप्रसाद अधिकारी हत्या घटना अनुसन्धान नरोकिने स्पष्ट । (सञ्चारमन्त्री पौडेलले रामेछापका बाढी पहिरो पीडितहरूको अवस्था बुझेर फर्किएपछि २०७० साउन ३० गते दोलखामा आयोजित कार्यक्रममा सो कुरा स्पष्ट पारेका थिए ।)
- नन्दप्रसाद अधिकारी र पत्नी गङ्गामाया अधिकारीको स्वास्थ्य अवस्था बिग्रँदै गएपछि २०७० भदौ ४ गते वीर अस्पतालको आइसियुमा भर्ना ।
- स्वास्थ्यमन्त्री विद्याधर मल्लिक, शान्ति तथा पुनः निर्माण मन्त्री रामकुमार श्रेष्ठ, राष्ट्रिय मानव अधिकार अयोगका सदस्य तथा प्रवक्ता गौरी प्रधानलगायतको टोलीले २०७० भदौ ४ गते वीर अस्पतालमा पुगी दम्पती परिवारलाई भेटी अनशन तोड्न आग्रह ।
- उच्चस्तरीय राजनीतिक समितिको तर्फबाट समितिका संयोजक काङ्ग्रेस सभापति सुशील कोइराला र एमाले अध्यक्ष झलनाथ खनालले २०७० भदौ १२ गते वीर अस्पतालमा पुगेर अधिकारी दम्पतीलाई सरकारले हत्याबारे अनुसन्धान सुरु गरिसकेको भन्दै अनसन तोड्न गरेको आग्रह, अधिकारी दम्पतीद्वारा आग्रह अस्वीकार ।
- अधिकारी दम्पतीको स्वास्थ्य अवस्था बुझ्न २०७० भदौ १३ गते बिहान ९ बजे वीर अस्पताल पुगेका मन्त्रिपरिषद् अध्यक्ष खिलराज रेग्मीद्वारा अनसन तोड्न आग्रह ।
- अधिकारी हत्या घटना सम्बन्धमा थप अनुसन्धान जारी रहेको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयद्वारा भदौ १३ गते जारी विज्ञप्तिमार्फत जानकारी ।
- एमाले केन्द्रीय कार्यालय बल्खुमा २०७० भदौ १५ गते बसेको २३ औँ केन्द्रीय कमिटीको बैठकले अधिकारी दम्पतीले जारी राखेको आमरण अनसनप्रति ध्यानाकर्षण ।
- अधिकारी दम्पतीको जीवन रक्षाका लागि आदेश जारी गर्न माग गर्दै २०७० भदौ १६ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर ।
- अधिकारी दम्पतीको जीवन रक्षाको लागि एमनेष्टी इन्टरनेशनल र ह्युमन राइट्स वाचले संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्च आयुक्तको कार्यालय (ओएचसिएचआर)लाई २०७० भदौ १७ गते अपिल ।
- अधिकारी दम्पतीको जीवन रक्षाका लागि माग गर्दै सर्वोच्च अदालतमा दायर रिटउपर अनुसन्धानको विवरणपत्र जारी गर्न सर्वोच्च अदालतद्वारा २०७० भदौ १८ गते परमादेश जारी ।
- कृष्णप्रसाद अधिकारीको हत्या घटना सम्बन्धमा नेपाल सरकारले हालसम्म गरेको अनुसन्धानको विवरण ०७० भदौ १९ गते सार्वजनिक ।
- सरकारी टोली तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव कृष्णहरि बाँस्कोटा, गृह मन्त्रालयका सचिव नवीन घिमिरेलगायत दश जनाको २०७० भदौ १९ गते सरकारी टोलीले अनसन तोड्न गरेको आग्रहलाई अधिकारी दम्पतीद्वारा अस्वीकार ।
- गोरखा फुजेलका कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न भएको आरोपमा चितवन प्रहरीले २०७० भदौ २१ गते काठमाडौँको बागबजारबाट एकीकृत माओवादीका कार्यकर्ता गोरखा फुजेल-४ का ३५ वर्षीय रामप्रसाद अधिकारी गिरफ्तार ।
- मानवअधिकारकर्मी एवम् नागरिक अगुवाहरूको रोहवरमा प्रधानमन्त्री कार्यालयका सचिव कृष्णहरि बाँस्कोटसँग तीनबुँदे लिखित सहमतिपछि छोराका हत्यारालाई कारवाहीको माग गर्दै गत माघ २२ गतेदेखि अनसनरत अधिकारी दम्पत्तिले २०७० भदौ २२ गते राति अनसन तोड्न र खाना खान सहमत ।

- माओवादी कार्यकर्ता रामप्रसाद अधिकारीको गिरफ्तारीको विरोधमा एकीकृत माओवादीले २०७० भदौ २२ गते काठमाडौँ, चितवन र गोरखा बन्दको आह्वान ।
- अधिकारी हत्याका ११ आरोपितमध्ये गिरफ्तारी परेका रामप्रसाद अधिकारीलाई हिरासतमा राखी अनुसन्धान गर्न पुनः २०७० भदौ ३१ गते १० दिनको म्याद थप ।
- अधिकारीको हत्या आरोपमा गिरफ्तारीमा परेका रामप्रसाद अधिकारी २०७० असोज १४ गते हाजिरी जमानीमा रिहा । सरकारी वकीलको कार्यालयबाट हाजिरी जमानीमा छोड्न भनी निर्देशन आएकाले हाजिरी जमानीमा छोडिएको डिएसपी सञ्जयबहादुर राउतद्वारा जानकारी ।
- छोरा हत्यामा संलग्नलाई गिरफ्तार गरी कारबाही गरिनुपर्ने माग राखी २०७० कात्तिक ७ गतेदेखि अधिकारी दम्पती पुनः अनसनमा । वीर अस्पतालको स्पेशल क्याबिनमा उनीहरूको उपचार ।
- कृष्णप्रसाद अधिकारीको हत्यामा संलग्न भएको आरोपमा चितवन प्रहरीद्वारा मङ्सिर २१ गते राति भरतपुर नपा-९ शरदपुर बस्ने एकीकृत माओवादी कार्यकर्ता परशुराम पौडेल (अजिव)लाई उनी बस्ने घरबाटै गिरफ्तार ।
- कृष्णप्रसाद अधिकारीको हत्याका आरोपित परशुराम पौडेललाई थप अनुसन्धानको लागि २०७० मङ्सिर २३ गते चितवन जिल्ला अदालतका न्यायधिश विनोद मोहन आचार्यको एकल इजलासले १२ दिनको म्याद थप ।
- कृष्ण अधिकारीको हत्या प्रकरणमा गिरफ्तारीमा परेका माओवादी कार्यकर्ता परशुराम पौडेल २०७० पुस १४ गते हाजिरी जमानीमा रिहा । सरकारी वकीलको कार्यालयबाट मुद्दा चलाउन प्रमाण नपुग्ने भन्दै हाजिरी जमानीमा छोड्न भनी निर्देशन आएकाले हाजिरी जमानीमा छोडिएको डीएसपी सञ्जयबहादुर राउतको भनाइ ।
- काङ्ग्रेस सभापति सुशील कोइरालाले २०७० पुस २५ गते अनरनरत दम्पतीलाई भेट गरेको विभिन्न सञ्चार माध्यमहरूबाट जानकारी प्राप्त भएको ।
- कृष्णप्रसाद अधिकारी हत्या घटनाको छानविन गर्न सरकारले २०७० पुस २५ गते डिआईजी गणेश राईको नेतृत्वमा चार सदस्यीय छानविन समिति गठन गरेको ।
- अधिकारी दम्पतीको मागमा सरकारले सम्बोधन गर्दै उच्चस्तरीय छानबिन समिति बनाएपछि अधिकारकर्मीहरूद्वारा २०७० पुस २६ गते अनशन तोड्न आग्रह गरेको ।
- चितवन रत्ननगर नपा-११ जिरौना बस्ने ४० वर्षीय भिमसेन भन्ने भिष्मराज पौडेललाई २०७० चैत ६ गते र जिल्ला गोरखा फुजेल गाविस-६ बस्ने ७२ वर्षीय छविलाल पौडेललाई २०७० चैत ७ गते गिरफ्तार गरी गरी आवश्यक अनुसन्धान प्रक्रिया अगाडि बढाइएको व्यहोरा चितवन जिल्ला प्रहरी कार्यालयद्वारा चैत ७ गते विज्ञप्ति जारी गरी जानकारी गराइएको ।
- नेपालस्थित संयुक्त राष्ट्रसङ्घका आवासीय प्रतिनिधि जेमी म्याकगोल्ड्रिक १ सय ५१ दिनदेखि जारी अनसनप्रति चासो राख्दै चैत १७ गते सोमवार वीर अस्पतालमा आउँदा अधिकारी दम्पतीले भेट हुने आशा गरेका थिए । तर, म्याकगोल्ड्रिक अस्पतालका निर्देशक डा. बुलन्द थापासँग भात्र भेट गरेर फर्किएका थिए ।
- छोराको हत्या छानबिन माग गर्दै गत २०६९ माघ २२ देखि विभिन्न स्थानमा अनसन बस्दै आएका अधिकारी दम्पतीको बोली बन्द भएपछि अस्पतालले २०७० साउन २६ गते स्लाइन पानी चलाएको ।
- कृष्णप्रसाद अधिकारको हत्यामा सङ्लग्नलाई कारबाही गरिनुपर्ने माग राखी पुनः नन्दप्रसाद अधिकार र गङ्गामाया ११ महिना लामो अनसनका क्रममा ५६ वर्षको उमेरमा नन्दप्रसाद अधिकारीको २०७१ असोज ६ गते मृत्यु ।
- न्यायका लागि सङ्घर्षरत गोरखा फुजेलकी गङ्गामाया अधिकारीले सहिद दिवसको दिन पारेर २०७२ माघ १६ गतेबाट पुनः आमरण अनसन बस्ने उद्घोष ।
- छोराको हत्यारालाई कारबाहीको माग गर्दै काठमाडौँको वीर अस्पतालमा अनसनरत गोरखा फुजेलकी गङ्गामाया अधिकारीको बकपत्र गराउन २०७३ भदौ २६ गते चितवन जिल्ला अदालतले आदेश गऱ्यो ।
- चितवन जिल्ला अदालतले कृष्णप्रसाद अधिकारी हत्या घटना सम्बन्धमा बहस गर्ने अधिवक्ताहरूसँग लिखित बहस नोट पेश

गर्न आदेश गरेबमोजिम सबै अधिवक्ताले २०७३ कात्तिक ५ गते बहस नोट अदालतमा पेश गरे ।

- जर्मनीको ग्रीन पार्टीको अन्तर्राष्ट्रिय मामिलाका प्रवक्ता एवं सांसद ओमिद नुरीपोरले २०७३ फागुन १५ गते आइतबार बीर अस्पतालमा गंगामायासँग भेट । गंगामायाले उठाउँदै आएको मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्नुपर्ने उनको भनाइ ।
- गोरखा जिल्ला फुजेलकी गङगामाया अधिकारीले चितवन जिल्ला अदालतमा चलिरहेको छोरा कृष्णप्रसाद अधिकारीको हत्यासम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतमा सार्ने आदेश गरी पाउँ भनी उच्च अदालत पाटनमा २०७४ भदौ २८ गते निवेदन दिइन् ।
- २०७४ फागुन १३ गते आइतबारका लागि पेसी तोकिएको कृष्णप्रसाद अधिकारीको हत्यासम्बन्धी मुद्दामा चितवन अदालतले अर्को आदेश गरेको छ । न्यायाधीश कुलप्रसाद शर्माको इजलासले यस मुद्दाका जाहेरवाला नुरप्रसाद अधिकारीलाई बकपत्रका लागि अदालतमा हाजिर हुन आदेश ।
- कृष्णप्रसाद अधिकारी हत्या प्रकरणका जाहेरवाला व्यक्ति नुरप्रसाद अधिकारीलाई २०७४ चैत २५ गते चितवन अदालतमा बयानका लागि उपस्थित हुन अदालते आदेश गरे पनि उनी अनुपस्थित रहे ।
- ५८ वर्षीया गङ्गामाया अधिकारीले २०७५ जेठ १५ गतेदेखि फेरि आमरण अनसन सुरू गरेकी छन् ।
- गोरखा फुजेलका कृष्णप्रसाद अधिकारीको हत्यासम्बन्धी मुद्दाको पेसी साउन २० गतेलाई तोकिएको छ । चितवन अदालतका
- सूचना अधिकारी केशव पौडेलका अनुसार २०७५ जेठ २० गते आइतबार न्यायाधीश कुलप्रसाद शर्माको इजलासले २०७५ साउन २० गतेका लागि पेसी चढेको जानकारी दिए ।
- राष्ट्रिय मानव अधिकार आयोगले कृष्णप्रसाद अधिकारीको हत्याको छानबिन र दोषीउपर कानुनी सजायको माग गर्दै अनशनरत आमा गङ्गामाया अधिकारीको जीवन रक्षाका लागि संवेदनशील भई तत्काल कार्य प्रक्रिया अगाडि बढाउन सरकारलाई २०७५ जेठ २५ गते पत्राचार ।
- गंगामायाको आत्मकथा न्यायको अवसान २०७५ असार १ गते पूर्व प्रधानन्यायाधीश कल्याण श्रेष्ठ, राजनीतिक विश्लेषक निलाम्बर आचार्य, राष्ट्रिय मानव अधिकार आयोगका अध्यक्ष अनुपराज शर्मा, इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल र पत्रकार कनकमणि दीक्षितद्वारा संयुक्त रुपमा विमोचित ।
- कृष्णप्रसाद अधिकारीका हत्या आरोपित छविलाल पौडेलद्वारा २०७५ असार २४ गते आइतबार सर्वोच्च अदालतमा आत्मसमर्पण । सर्वोच्चको आदेशपछि पुर्पक्षका लागि डिल्लीबजार कारागारमा चलान । जिल्ला अदालत चितवनले पौडेललाई २०७१ वैशाख ४ गते धरौटीमा रिहा गर्ने आदेश गरेको थियो । पुनरावेदन अदालत हेटौंडाले पनि जिल्ला अदालत चितवनको निर्णय सदर गरिदिएको थियो । अधिकारीको परिवार पुनरावेदनको आदेशविरूद्ध सर्वोच्च गएका थिए । २०७२ पुसमा न्यायाधीश गिरिशचन्द्र लाल र दीपकराज जोशीको इजलासले पुनरावेदनको आदेश बदर गर्दै पौडेललाई थुनामा राखेर अनुसन्धान गर्न आदेश दिएको थियो ।
- सरकारले प्रतिबद्धता जनाए अनुसार आफ्ना माग पूरा नगरेको भनी २०७५ जेठ १५ गतेदेखि पुनः आमरण अनसन बस्नु भएकी गंगामायाले नेपाल सरकारसँग २०७५ असार २९ गते दुई बुँदे सहमति गरी ४५ दिन लामो अनसन तोडिन ।
- गोरखा फुजेलका कृष्णप्रसाद अधिकारी हत्या घटनाका आरोपितहरू १३ जनामध्ये १२ जनाले सफाइ पाएका छन् । जिल्ला अदालत चितवनमा भदौ २४ गते आइतबार भएको फैसलामा एक जना प्रतिवादीको हकमा मुद्दा मुल्तवीमा राखिएको र अन्य १२ जना प्रतिवादीले हत्या अभियोगबाट सफाइ पाएको भनी फैसला भएको छ । यस अभियोगमा जन्मकैद दावी गरिए पनि वस्तुनिष्ठ आधार नभएको भन्दै अदालतले १२ जनालाई सफाइ दिएको हो ।
- न्यायाधीश कुलप्रसाद शर्माको इजलासले आइतबार उक्त फैसला गरेको हो । यस घटनाका आरोपितहरू गोरखा जिल्ला तत्कालीन फुजेल-७ निवासी सिता अधिकारी, छविलाल पौडेल, रामप्रसाद अधिकारी, अजिव भन्ने परशुराम पौडेल, हिमलाल अधिकारी, मेघनाथ पौडेल, विष्णु तिवारी, रूद्र आचार्य, कालिप्रसाद अधिकारी, भिमसेन भन्ने भिष्मराज पौडेल, रामप्रसाद अधिकारि, जानुका पौडेल र सुभद्रा तिवारी रहेका छन् ।

- प्रतिवादीमध्ये रूद्र आचार्यको हकमा भने मुद्दा तत्कालका लागि मुल्तवीमा रहने भएको छ । आचार्य अदालतमा हाजिर भएपछि कानुन अनुसार निर्णय गरिने उल्लेख छ । आचार्यमाथि यस घटनामा गोली हानेको आरोप छ ।
- २२ औं पटकको पेसीमा यस मुद्दाको जिल्ला अदालतबाट किनारा लागेको हो । बासुदेव पौडेल, कविप्रसाद न्यौपाने, टेकनारायण कुँवर र कुलप्रशाद शर्माले यस मुद्दा हेर्दै आएका थिए ।
- नेपाल सरकारबाट न्याय नपाएको भन्दै २०७६ माघ २१ गते संयुक्त राष्ट्रसङ्घको नेपालस्थित प्रमुख भेलेरिया जुलियन्डलाई भेटेर न्यायका लागि सहयोग माग ।
- सरकारले न्याय नदिएको भन्दै २०७७ पुस ६ गतेदेखि गङ्गामाया पुनः आमरण अनसनमा ।

**छविलाललाई पनि सफाइ**

- ०७२ पुस ६ गते 'कृष्णप्रसाद अधिकारीको मृत्यु कर्तव्यबाट भएको कुरा विवाद छैन' भन्दै सर्वोच्चले आरोपितहरूमध्ये विलाल पौडेललाई पुर्पक्षका लागि थुनामा राख्न आदेश भएको थियो । अधिकारी हत्या अभियोगका आरोपित छविलाल पौडेल असार २४ गते सर्वोच्च अदालतमा स्वयम् उपस्थित भएका थिए ।
- यस घटनामा १३ जना आरोपितमध्ये छविलालको हकमा भने चितवन जिल्ला अदालत र पुनरावेदन अदालत हेटौँडाको धरौटीमा छुटने आदेश उल्टाउँदै सर्वोच्चले ०७२ पुस ६ गते यस्तो आदेश गरेको थियो । चितवन अदालतको ०७२ वैशाख ४ गतेको आदेशले आरोपितहरूमध्ये सात जना धरौटीमा छुटेका थिए भने बाँकी शुद्ध तारेखमा छुटेका थिए ।
- अधिकारी हत्या प्रकरणका जाहेरवाला व्यक्ति नुरप्रसाद अधिकारीलाई अदालतमा वकपत्रका लागि उपस्थित हुनका लागि दुई पटकसम्म म्याद तामेल भएतापनि उनी चितवन अदालतमा हाजिर भएनन् । उनलाई भदौ ४ गते सोमबारका लागि अदालतले म्याद जारी गरेको थियो । जाहेरवाला हाजिर नभएपछि यस मुद्दाको पेसी भदौ २४ गते आइतबारका लागि तोकिएको चितवन अदालतका श्रेस्तेदार गेहेन्द्रराज पन्तले जानकारी दिए । अदालतले नबुझी नहुने भनेको जाहेरवालाको अनुपस्थितिमै फैसला भएको छ ।
- नुरप्रसादलाई २०७५ असोज ७ गते उच्च अदालत पाटनमा तोडफोड गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी मुद्दा चलाएको छ । सम्मानित पाटन उच्च अदालतका माननीय न्यायाधीशहरू रमेश पोखरेल र शेखरप्रसाद पौडेलको इजलासले गरेको फैसलाप्रति असन्तुष्टि जनाउँदै आफ्नो भन्दा अप्रासङ्गिक मुद्दामा 'विचौलिया' का रूपमा अदालतमा उपस्थित भएर तोडफोड गरेको प्रहरीको आरोप छ । चितवन जिल्ला अदालतले भाइको हत्यासम्बन्धमा साक्षी बक्नका लागि पटक-पटक बोलाउँदा उपस्थित हुन नुरप्रसादले इन्कार गर्दै आएका थिए ।

*२०७७ पुस ८ गते*

मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषाः २७२६, काठमाडौँ
फोनः ५२१८७७०, फयाक्सः ५२१८२५१
इमेलः insec@insec.org.np, वेबसाइटः www.insec.org.np, www.inseconline.org